# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

अस्थायी ट्राफिक प्रहरी पोष्ट, खैरेनी रुपन्देहीमा कार्यरत प्रहरी जवान छविलाल पोखेलले बिभिन्न बहाना बनाई डर त्रास देखाई टिप्पर गाडी रोकी दुःख हैरानी दिने गरेको र टिप्पर आवतजावतमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज छबिलाल पोखेललाई सेवाग्राहीबाट रु. ३,०००।–(तीन हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा अस्थायी ट्राफिक प्रहरी पोष्ट देवदह खैरेनी, रुपन्देहीका प्रहरी जवान छविलाल पोखेलले सेवाग्राहीको टिप्परहरु संचालनमा सहजीकरण गरिदिएबापत मासिक रुपमा रकम दिनुपर्ने भनी रु. ३,०००।— घुस/रिसवत रकम माग गरी लिएको तथ्य पुष्टि हुन आएको देखिंदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको हुँदा निज छविलाल पोखेललाई बिगो रु. ३,०००।— (तीन हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला